# कृषि उपज बजार स्थलको व्यवस्था तथा संचालन संबन्धी निर्देशिका, २०५३

(संशोधन सहित)

श्री ५ को सरकार
कृषि मन्त्रालय
कृषि विभाग

## बजार विकास महाशाखा

हरिहरभवन
मार्ग, २०५५

# कृषि उपज वजार स्थलको व्यवस्था तथा संचालन सम्वन्धी निर्देशिका

पृष्ठभूमि :

मुलुकमा खाद्यान्न, नगदेवाली तथा पशुपंक्षी लगायत विभिन्न कृषि उपजहरुको उत्पादनमा बृद्धि गर्ने प्रयास गत ३ दशक भन्दा अघि देखि जारी रहेको छ । यसवाट विभिन्न वालीहरुको उत्पादन तथा उत्पादकत्वमा उल्लेखनीय बृद्धि हुंदै आएको छ । कृषकहरुलाई उत्पादन बृद्धिमा अभ्र वढी हौसला प्रदान गर्नका लागि उत्पादित कृषि उपजहरुको सरल तरीकाले विक्रि वितरणको व्यवस्था मिलाउन वजार प्रणालीको विकास गर्न अत्यन्त जरुरी रहेको हुन्छ ।

यस सिलसिलामा खाद्यान्न तथा नगदे वालीहरुको लागि ग्रामीण स्तर देखि अर्ध शहरी, शहरी र महा नगर प्रकृतिका क्षेत्रसम्म वजार सुविधामा विस्तार गर्नु पर्ने अवस्था देखिएको छ । तर वजार स्थलको छनौट, स्थापना, विकास र निर्माण सम्पन्न गरी यस्ता वजारलाई स्थायित्व प्रदान गर्ने कार्य त्यति सजिलो छैन । यस्ता पक्षमा सुधार गर्नका लागि निजी, अर्ध सरकारी, सरकारी वा गैर सरकारी क्षेत्रका संघ संस्थाहरुले पनि सक्रिय भूमिका निर्वाह गर्दै जानु पर्ने हुन्छ ।

कृषि उपज वजार स्थल कसरी छनौट गर्ने, जग्गाको व्यवस्था कसरी गर्ने, विकास, निर्माण, व्यवस्थापन र आर्थिक दायीत्व आदि सम्वन्धी कार्यमा कसले के भूमिका निर्वाह गर्ने, सम्झौता गरी कार्य सम्पादन गर्न सम्झौता कुन कुन पक्ष विच के कसरी गर्ने र अन्ततोगत्वा यस्ता वजार कसरी कृयाशिल गराउने, दिगोरुपमा चल्ने खालका गराउने र सबै अर्थात कृषक, संलग्न व्यक्ति वा निकाय, व्यापारी तथा उपभोक्ता जस्ता सम्वन्धित पक्ष वाट के कसरी वजारको संरक्षण, संचालन, वजारको गुणात्मक अभिवृद्धि आदि सम्भव छ, यी विषयमा ठोस अवधारणा तैयार हुनु जरुरी छ । नेपाल अधिराज्यमा जहाँ कहिं पनि वजार स्थलको छनौट, विकास एवं कार्य संचालन र समितिको गठन व्यवस्था आदि प्राविधिक पक्षको कार्यान्वयन गर्ने जिम्मेवार निकाय कृषि विभाग, वजार विकास महाशाखा, हरिहर भवन, रहेको छ । यस महाशाखा र सम्वन्धित निकायको सहभागितामा हुने वजार विकास कार्यक्रममा सघाउ पुऱ्याउन तथा नेपाल अधिराज्यमा जहाँ कहिं पनि संचालन हुने वजारमा गठन हुने समितिले व्यवस्थापन एवं संचालन गर्न सक्ने अवस्थाको सृजना गर्न यो निर्देशिका तयार गरिएको छ । यो निर्देशिका लागु भए पछि वजार स्थलको व्यवस्था तथा संचालन यसै निर्देशिकामा उल्लेख भए वमोजिम गर्नु पर्ने हुन्छ ।

# निर्देशिका

१. संक्षिप्त नाम र प्रारम्भ :(१) यो निर्देशिकाको नाम कृषि उपज वजार व्यवस्था/संचालन निर्देशिका २०५३ रहेको छ । (२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. निर्देशिका लागु हुने ठाउँः सरकारी तथा गैर सरकारी, नीजि तथा सहकारी क्षेत्रको सकृय सहभागीतामा नेपाल अधिराज्यका विभिन्न स्थानहरुमा भएका र स्थापना हुने कृषि उपज वजार स्थल ।

३. परिभाषा :

(क) "समिति" भन्नाले यस निर्देशिका बमोजिम गठित "कृषि वजार संचालक समिति" सम्झनु पदर्छ ।

(ख) "वजार" भन्नाले फलफूल, तरकारी, तेलहन, दलहन तथा माछा जस्ता ताजा वा नाशवान वस्तु वा समितिले तोकेको अन्य नाशवान प्रकृतिका कृषि वस्तुको खरीद विकि सम्वन्धी कृयाकलाप गर्न यस निर्देशिका वमोजिम व्यवस्थापन गरिने स्थान सम्झनु पदर्छ ।

(ग) "कोष" भन्नाले समितिलाई प्राप्त नगद तथा जिन्सी सामान सम्झनु पर्दछ ।

(घ) "कृषि वस्तु" भन्नाले कृषि क्षेत्रवाट उत्पादित तेलहन, दलहन, मसला वाली, फलफूल, तरकारी तथा माछा मासु जस्ता ताजा वा नाशवान वस्तु सम्झनु पर्दछ ।

(ङ) "थोक कारोवार" भन्नाले पाँच किलो वा सो भन्दा वढी कृषि वस्तुको खरीद विक्रीको परिमाणलाई संम्झनु पर्दछ ।

(च) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्दछ ।

(छ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्दछ र सो शब्दले अध्यक्षलाई समेत जनाउने छ ।

(ज) "सेवा शुल्क" भन्नाले वजारमा उपलब्ध गराईएको सेवा र सुविधा वापत समितिलाइ प्राप्त हुने इजाजत शुल्क, प्रवेश शुल्क तथा स्थान उपलब्ध गराए वापतका भाडा वा अन्य शुल्क सम्झनु पर्दछ ।

(झ) "वजार व्यवस्थापक" भन्नाले यस निर्देशिका बमोजिम तोकिएको वजार व्यवस्थापक वा सदस्य सचिव सम्झनु पर्दछ ।

(ञ) "सम्झौता" भन्नाले श्री ५ को सरकारको तर्फका प्रतिनिधि तथा सम्वन्धित वजार समितिका उल्लेखित अध्यक्ष तथा जग्गादाता वा अन्य लगानी कर्ता वीच गरिएको सम्झौता पत्र सम्झनु पर्दछ ।

(ट) "स्टेयरीङ कमिटी" भन्नाले वजार विकासका कियाकलापमा निरन्तरता तथा आवश्यकता अनुसार सुधार र विकास गरी स्वायत्तता प्राप्त समितिहरुलाई एकवद्ध गर्न, समन्वय गर्न तथा विकास गर्न सहयोग पु-याउने विभाग वा अन्तर विभाग स्तरीय कमिटी भन्ने सम्झनु पर्दछ ।

(ठ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले संझौता पत्रमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

४. <u>कृषि उपज वजार संचालक समितिको गठन</u> :

(क) (१) कृषि उपज वजार संचालक समितिको गठन निम्न वमोजिम हुनेछ :

| | | |
|---|---|---|
| (क) | कृषि वजार स्थलको सेवा पुग्ने क्षेत्रका कृषक समूहहरुमध्ये सोसियो मेट्रिक प्रणालीवाट निर्वाचित कृषक सदस्य | ३ |
| (ख) | कृषि वजार स्थलको सेवा पुग्ने क्षेत्रका कृषि उपज व्यापारीहरु मध्ये सोसियो मेट्रिक प्रणालीवाट निर्वाचित व्यापारी सदस्य | ३ |
| (ग) | सम्वन्धित गा.वि.स. ⁄ न.पा. को प्रतिनिधि सदस्य | १ |
| (घ) | सम्वन्धित जिल्ला कृषि विकास कार्यालयको प्रतिनिधि सदस्य | १ |
| (ङ) | सम्वन्धित कृषि सेवा केन्द्र प्रमुख ⁄ वजार व्यवस्थापक सदस्य सचिव | १ |
| | जम्मा सदस्य संख्या | ९ |

(ख) सहकारी संस्था द्वारा संचालन गरिने वजारको संचालक समितिमा १ (एक) जना जि.कृ.वि.का. को तथा १ (एक) जना जिल्ला सहकारी कार्यालयको प्रतिनिधी (यथासंभव अधिकृत) राख्ने र ७ (सात) जना सहकारी संस्थाको तर्फवाट इच्छुक तथा क्षमतावान र कृयाशील प्रतिनिधी राख्ने व्यवस्था गर्ने ।*

(२) <u>अध्यक्षको व्यवस्था</u> : वजार व्यवस्थापक र जिल्ला कृषि विकास कार्यालयको प्रतिनिधि वाहेक अन्य सदस्यहरुले आफूहरु मध्येवाट निर्वाचनद्धारा छनौट गरिएको सदस्यनै अध्यक्ष हुनेछ । साथै अध्यक्षको निर्वाचन भैसकेपछि निजको साविक सदस्यको पद रिक्त भएको मानिने छैन ।

(३) सदस्यहरुको पदावधि ३ वर्षको हुनेछ र निजहरु पुनः निर्वाचित हुन सक्ने छन् ।

(४) समितिले आवश्यक देखेमा सरकारी कर्मचारी, कुनै स्वदेशी वा विदेशी संध संस्थाको प्रतिनिधि, विशेषज्ञ वा सल्लाहकारलाई समितिको वैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(५) एक पटक समिति वनि सके पछि समितिका सदस्य संख्यामा थप घट गर्नु पर्ने अवस्थामा संचालक समिति र स्टेयरिङ कमिटी समेतको सिफारीसका आधारमा वजार विकास महाशाखाले थपघट गर्नेछ ।

---

* मिति २०५५।८।१५ को श्री ५ को सरकार (मा.मन्त्री स्तर) को निर्णय वमोजिम तेस्रो संशोधन भै थप

५. सदस्यहरुको योग्यता :

संचालक समितिको सदस्य हुनको लागि देहाय वमोजिम योग्यता पुगेका व्यक्ति हुनु पर्दछ ।

क) नेपाली नागरिक

ख) २५ वर्ष उमेर पुगेको

ग) वजार स्थलको कार्य क्षेत्र भित्र वसोवास गरेको

घ) नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतवाट दोषी प्रमाणित नभएको

ङ) मगज नविग्रेको

६. समितिको काम, कर्तव्य र अधिकार: (१) कृषि उत्पादक, व्यापारी र उपभोक्ताहरुको आवश्यकता पूरा गर्न कृषि वजारको स्थापनाको लागि भौतिक सुविधा लगायतको व्यवस्था गरी सो वजारलाई प्रतिस्पर्धात्मकरुपवाट संचालन गर्ने व्यवस्था मिलाउनु समितिको कर्तव्य हुनेछ ।

(२) माथि उल्लेखित कर्तव्य पालनको लागि समितिले देहायका कार्यहरु गर्न सक्नेछ ।

(क) वजार व्यवस्थापनको सम्वन्धमा नीति निर्धारण गर्ने तथा सो को कार्यान्वयन गर्ने ।

(ख) नियमित रुपमा वजार सूचना आदान प्रदान गर्न सहयोग पुऱ्याउने ।

(ग) वजार व्यवस्थाको लागि आवश्यक पर्ने कर्मचारीहरुको व्यवस्था गर्ने र त्यस्ता कर्मचारीहरुको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा निर्धारण गर्ने ।

(घ) कृषि उत्पादक, व्यापारी, संघ, संस्था, निकाय वा ब्यक्ति विशेषको निमित्त वजार सुविधा उपलव्ध गराउने ।

(ङ) वजारमा सुविधाहरु उपलव्ध गराए वापत लिनु पर्ने आवश्यक सेवा शुल्क निर्धारण गर्ने र सम्वन्धित ब्यक्ति वा निकायवाट त्यस्तो सेवा शुल्क असूल गर्ने ।

(च) वजार संचालन सम्वन्धी कुनै समस्या उत्पन्न भएमा सो समाधान गर्ने ।

(छ) वजार स्थललाई सफा सुघर राखी स्वस्थ वातावरण कायम गर्ने ।

(ज) वजार स्थलको मरमत संभार तथा संरक्षण गर्ने ।

(झ) वजार संचालन व्यवस्था सम्वन्धमा अन्य आवश्यक कार्यहरु गर्ने ।

७. समितिको वैठक र निर्णय:

(क) समितिको वैठक अध्यक्षले तोकेको मिति र समयमा कृषि उपज बजार स्थलमा वस्ने छ । समितिको वैठक महिनामा एकपटक अनिवार्यरुपमा वस्नु पर्नेछ ।

(ख) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको वैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ ।

(ग) समितिको वैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा वैठकमा उपस्थित सदस्यहरुले आफू मध्येवाट छानेको सदस्यले वैठकको अध्यक्षता गर्नेछ ।

(घ) समितिको वैठकमा वहुमतको राय मान्य हुनेछ र मत वरावर भएमा वैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिन सक्नेछ ।

(ङ) समितिको निर्णय अध्यक्ष र सदस्य-सचिवद्वारा प्रमाणित गरिनेछ ।

(च) समितिको वैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

८. उप-समितिको गठन गर्न सक्ने: समितिले आफ्नो कार्य संचालनमा सघाउ पुऱ्याउन उप-समिति गठन गर्न सक्नेछ र त्यस्तो उप-समितिको काम, कर्तव्य र अधिकार तथा वैठक सम्वन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

९. समितिको कोषः समितिको एउटा छुट्टै कोष हुनेछ ।

(१) समितिको कोषमा देहायका रकमहरु रहनेछन् र समितिको सवै खर्च सो कोषवाट व्यहोरिने छ :

(क) सेवा शुल्क वापत प्राप्त रकम र

(ख) विभिन्न व्यक्ति वा संघसंस्थावाट प्राप्त रकम र

(ग) अन्य कुनै स्रोतवाट प्राप्त रकम

(२) समितिलाई प्राप्त हुने सवै रकम प्राप्त हुना साथै नेपाल अधिराज्यको कुनै वाणिज्य वैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(३) विदेशी सरकार वा अन्तरराष्ट्रिय संघ संस्थावाट आर्थिक तथा प्राविधिक सहयोग प्राप्त गर्दा श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(४) समितिलाई श्री ५ को सरकार, विदेशी सरकार वा अन्तरराष्ट्रिय संघ संस्थावाट जुन कार्यक्रम वा कार्यको निमित्त रकम प्राप्त भएको हो, सो रकम सोही कार्यक्रम वा कार्यमा खर्च गर्नु पर्नेछ ।

(५) समितिको कोषको संचालन समितिले तोके वमोजिम हुनेछ ।

१०. कृषि उपज वजार स्थलको वर्गीकरण र कोषमा जम्मा रकम खर्च गर्ने व्यवस्था :

(१) कृषि उपज वजार स्थल वार्षिक आयको आधारमा निम्न वमोजिमको वर्गीकरणमा पर्नेछन ।

(क) वार्षिक रु १५ लाख देखि वढी आय हुने वजार स्थल, "क" वर्ग ।

(ख) वार्षिक रु ५ लाख भन्दा माथि रु १५ लाख सम्म आय हुने वजार स्थल, "ख" वर्ग ।

(ग) वार्षिक रु ५ लाख सम्म आय हुने वजार स्थल, "ग" वर्ग ।

(२) कोषमा जम्मा भएको सेवा शुल्कवाट प्राप्त रकम मध्येवाट अधिकांश रकम वजार स्थल नियमित रुपमा संचालन गर्न (कर्मचारी तलव, भत्ता, वैठक भत्ता, विजुली, पानी, टेलीफोन, चियापान तथा अन्य भैपरी खर्च आदि) तथा वजार स्थल निमार्ण, सुधार, मर्मत, संभार कार्यको लागि समितिले खर्च गर्न सक्ने छ । वजार स्थलको लागि स्थायी रुपमा जग्गा उपलब्ध गराउने संस्थालाई सम्झौता अनुसार तोकिएको रकम नियमित, वार्षिक वा एक मुष्ट रुपले जग्गा उपलब्ध गराए वापत दिनु पर्ने अवस्थामा पनि यसै रकम मध्येवाट समितिले दिन सक्नेछ ।

(३) वजार स्थलमा प्राप्त हुने आयवाट निम्न अनुसार वचत र खर्च गर्ने व्यवस्था मिलाउनु पर्ने छ ।

"क" वर्गका वजारले कूल आयको ७० प्रतिशत रकम दैनिक वजार संचालन तथा मर्मत संभार कार्य र जग्गा उपयोग गरे वापत लाग्ने रकममा व्यहोर्ने र ३० प्रतिशत रकम स्थायी निर्माण कार्य सम्पन्न गर्न आवश्यक पर्दा श्री ५ को सरकारवाट समेत अनुदान प्राप्त गर्ने र लक्षित निर्माण कार्य सम्पन्न गर्ने प्रयोजनको लागि वचाई राख्ने ।

"ख" वर्गको वजारले कूल आयको ८० प्रतिशत रकम दैनिक वजार संचालन तथा मर्मत संभार कार्य र जग्गा उपयोग गरे वापत लाग्ने रकममा व्यहोर्ने र २० प्रतिशत रकम स्थायी निर्माण कार्य सम्पन्न गर्न आवश्यक पर्दा श्री ५ को सरकारवाट समेत अनुदान प्राप्त गर्ने र लक्षित निर्माण कार्य सम्पन्न गर्ने प्रयोजनको लागि वचाई राख्ने ।

"ग" वर्गको वजारले कूल आयको ९० प्रतिशत रकम दैनिक वजार संचालन तथा मर्मत संभार कार्य  र जग्गा उपयोग गरे वापत लाग्ने रकममा व्यहोर्ने र १० प्रतिशत रकम स्थायी निर्माण कार्य सम्पन्न गर्न आवश्यक पर्दा श्री ५ को सरकारवाट समेत अनुदान प्राप्त गर्ने र लक्षित निर्माण कार्य सम्पन्न गर्ने प्रयोजनको लागि वचाई राख्ने ।

११. लेखा र लेखा परीक्षण: (१) समितिको आय व्ययको लेखा संचालक समितिले तोकेको ढाँचामा राखिने छ ।

(२) समितिको लेखा  परीक्षण रजिष्टर्ड लेखा परीक्षकवाट गरिने छ ।

(३) श्री ५ को सरकारले चाहेमा जुनसुकै वखत समितिको हिसाव किताव जाँच्न वा जंचाउन सक्नेछ ।

१२. वजार व्यवस्थापकको नियुक्ति: (१) दैनिक प्रशासकीय एवं बजार संचालन, सूचना र  तोकिएका अन्य काम गर्न समितिले  एक वजार व्यवस्थापक नियुक्त गर्ने छ ।

(२) वजार व्यवस्थापकको सेवा शर्त र सुविधा समितिले तोके वमोजिम हुनेछ ।

१३. वजार व्यवस्थापकको काम कर्तव्य र अधिकार: वजार व्यवस्थापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आफू मातहतका कर्मचारीहरुको रेखदेख र नियन्त्रण गर्ने ।

(ख) समितिको निर्णय कार्यान्वयन गर्ने गराउने,

(ग) वजार व्यवस्थाको लागि आवश्यक वार्षिक तथा दीर्घकालीन योजना तर्जुमा गरी समिति समक्ष पेश गर्ने ।

(घ) विभाग स्तरमा गठन भएको स्टेयरीङ्ग कमिटी तथा वजार विकास संग सम्वन्धित विभिन्न निकायहरु संग समन्वय राखी कार्य गर्ने ।

(ङ) समितिले तोकेको अन्य कार्यहरु गर्ने ।

१४. समितिको कर्मचारी: समितिको कार्य संचालनको निमित्त समितिले आफ्नो आर्थिक क्षमताको आधारमा आशिंक वा पूरा समयको लागि आवश्यक कर्मचारीहरु व्यवस्था गर्न सक्नेछ ।

१५. समितिको कार्यालय:  समितिको कार्यालय संभव भए सम्म कृषि उपज बजार स्थल क्षेत्र भित्र रहनेछ ।

१६. कारोवार गर्ने कृषि वस्तुमा थपघट: तोकिएका वजार भित्र कारोवार गरीने कृषि वस्तुको कारोवारमा थपघट गर्नु परेमा वजार विकास महाशाखाको सिफारीसमा समितिले थपघट गर्न सक्ने छ।

१७. अधिकार प्रत्यायोजन: समितिले आवश्यकतानुसार आफ्नो सवै वा केही अधिकार समितिको कुनै सदस्य, सदस्य-सचिव वा समितिको कुनै अन्य तोकिएको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१८. प्रतिवेदन पेश गर्नु पर्ने: समितिले आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र आफूले गरेको काम, वजारमा कय विकय भएका वस्तुको विद्यमान मूल्य, खरीद विकी परिमाण विवरण, उठेका समस्या

तथा समस्या समाधान गर्न भएका प्रयास समेत उल्लेख गरी वार्षिक प्रतिवेदन कृषि विभाग, बजार विकास महाशाखामा पेश गर्नु पर्नेछ । स्टेयरिङ कमिटीले उक्त प्रतिवेदनको आधारमा भावी नीति तैयार गर्नेछ ।

१९. बजारको स्वामित्व : यो समिति गठन पश्चातको बजार स्थल भित्रका भौतिक पूर्वाधारहरुको पूर्ण स्वामित्व श्री ५ को सरकारमा रहने छ । समितिले वजारको स्वामित्व हस्तान्तरण गर्ने गरी वा आफ्नो क्षमता भन्दा वढीको दायित्व लिने गरी कसैसित कुनै सम्झौता गर्ने वा अन्य व्यवहार गर्ने छैन ।

२०. सम्झौता पत्रको व्यवस्था र मान्यता : कृषि उपज वजार संचालनको लागि समिति र श्री ५ को सरकारको सम्वन्धित निकाय बीचमा सम्झौता अनुसूची १ अनुसार हुनेछ । उक्त सम्झौता पत्रमा सम्वन्धित पक्षको अधिकार र कर्तव्य उल्लेख हुनेछ ।

२१. विभागीय स्तर स्टेयरिङ कमिटी : वजार विकासमा निरन्तरता प्रदान गर्दै आवश्यकता अनुसारको विकास, सुधार, प्रविधि विस्तार तथा हस्तान्तरण गर्न एवं समितिलाई मार्ग दर्शन दिन र समितिको काम कारवाही सम्पादन हुन सहयोग गर्ने उद्देश्यले कृषि विभागका महा-निर्देशकको अध्यक्षतामा एउटा स्टेयरिङ्ग कमिटी रहने छ । यस स्टेयरिङ्ग कमिटीको सदस्य सचिवमा वजार विकास महाशाखाको प्रमुख रहनेछन् । सो कमिटीका सदस्यहरुमा कृषि विभागको उप महानिर्देशक (योजना तर्फ) तथा नेपाल उद्योग वाणिज्य महासंघ अन्तर्गतको कृषि उद्यम केन्द्रको निर्देशक रहनेछन् । यस स्टेयरिङ्ग कमिटीले मुख्य रुपमा समन्वयको कार्य गर्ने, समितिलाई सल्लाह दिने, सहयोग गर्ने, वजार विकासका कृयाकलापको अनुगमन, मूल्यांकन तथा सर्भेक्षणका कार्य वारे सुझाव पेश गर्ने, तथा संस्थागत विकासमा अभिन्न सहयोगीको रुपमा कार्य गर्ने छ । यस स्टेयरिङ कमिटीसंग वजार विकास समितिले दिगोरुपमा समन्वय स्थापित गर्ने छ । साथै स्टेयरिङ कमिटीले कृषि वजार स्थिति अनूगमन, सुपरीवेक्षण तथा वर्षको एक पटक वजार समितिका अध्यक्ष एवं विशेषज्ञहरुको गोष्ठी आयोजना गर्ने व्यवस्था गर्ने छ ।

२२. समिति भङ्ग हुने र छुट्टै व्यवस्था हुन सक्ने : श्री ५ को सरकारले आवश्यक ठानेमा यो समितिलाई विघटन गरी उक्त वजारको संचालनको लागि छुट्टै व्यवस्था गर्न सक्नेछ ।

२३. श्री ५ को सरकारको निर्णय मान्य हुने : यो निर्देशिका वा सम्झौता-पत्रको कार्यान्वयनको सिलसिलामा आई पर्ने कुनै समस्याका सम्वन्धमा समिति र श्री ५ को सरकारका प्रतिनिधिहरुले आपसी छलफलद्वारा समस्याको समाधान गर्ने छन् । त्यस सम्वन्धमा कुनै विवाद उत्पन्न भएमा श्री ५ को सरकारले गरेको निर्णय समितिलाई मान्य हुनेछ ।

अनुसूची १

# कृषि उपज वजार स्थल (................) को व्यवस्था तथा संचालनको लागि कृषि उपज वजार संचालक समिति,

**.............. तथा श्री ५ को सरकार, कृषि मन्त्रालय, कृषि विभाग, वजार विकास महाशाखा/साना वजार पूर्वाधार विकास आयोजना, हरिहरभवन, ललितपुर वीच भएको**

## “संझौता-पत्र”

प्रस्तावना :

खुल्ला तथा बजार मुखी अर्थतन्त्र र मूलुकमा कृषि पेशाको संलग्नता वाट हुने आय वढाउन तथा ब्यापार क्षेत्रमा संलग्न निकाय र उपभोक्ता वर्गलाई नियमित रुपमा सुलभ आपूर्ति व्यवस्था मिलाउन केही वर्ष यता देखि मूलुकका विभिन्न महत्वपूर्ण क्षेत्रमा तरकारी, फलफूल, तेलहन, दलहन, मसला वाली, माछा, मासु, जस्ता वस्तुको वजार संरचनामा सुधार गर्ने प्रयास भएको छ । यस्ता वजार संचालन तथा व्यवस्थापन स्थानिय निकाय र जनताको सहभागितावाट मात्र गर्न सकेमा खुल्ला तथा वजारमुखी विकेन्द्रित अर्थतन्त्रको विकास हुन सम्भव हुन्छ। यस प्रकृयामा स्थानीय निकायको अहं भूमिका रहन्छ। यसलाई मद्दत पु-याउनु सरकारको प्रमुख दायीत्व भएको हुंदा उल्लेखित प्रयोजनकोलागि श्री ५ को सरकार, कृषि मन्त्रालय, कृषि विभाग, वजार विकास महाशाखा/साना वजार पूर्वाधार विकास आयोजना, हरिहरभवन, ललितपुर तथा यसै साथ संलग्न “वजार स्थलको व्यवस्था तथा संचालन सम्वन्धी निर्देशिका” वमोजिम गठित कृषि उपज वजार संचालक समिति ................ वीच यो सझौता-पत्र गरिएको छ । यो सझौता-पत्रमा उल्लेखित तपसीलका सवै वुँदाहरु तथा शर्तहरु हामी दुवै पक्षलाई मान्य हुनेछ र सोही अनुसार पालना गरिने छ।

१. कृषि उपज वजार स्थलको व्यवस्था तथा संचालन सम्वन्धी संलग्न निर्देशिका २०५३ (संशोधन सहित) अन्तर्गत व्यवस्था भएका दफाहरु दुवै पक्षलाई मान्य हुने छ।

२. समितिको गठन तथा कार्यान्वयन : (१) निर्देशिका वमोजिम मिति ............. गते........................... गठित तपसील अनुसारको कृषि उपज वजार संचालक समिति, ........................ को सदस्यहरुमा निर्देशिकाको परिधि भित्र रही थप, घट, अदल वदल भएको खण्डमा समेत समिति कार्यान्वयन भएको मानिने छ।

संचालक समितिको अध्यक्ष तथा सदस्यहरुको नामावली

| क.सं. | नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |
| ८ | | | |
| ९ | | | |
| | कुल जम्मा | ९ जना | |

३. भौतिक संरचना : कृषि उपज वजार स्थल भित्र समितिले कुनै स्थायी प्रकृतिको भौतिक संरचना निर्माण गर्नु पर्ने भएमा समितिले अग्रिम रुपमा सोको स्वीकृती कृषि विभाग, वजार विकास महाशाखावाट लिनु पर्नेछ ।

४. समितिको कार्य तथा जिम्मेवारी हस्तान्तरण : समितिको तोकिएको अवधि समाप्त भईसकेपछि निर्देशिका बमोजिम नवगठित समितिलाई यस समितिको जिम्मामा रहेको सम्पूर्ण कोषको रकम, भौतिक सम्पति, सामाग्री, कागजात तथा कार्य जिम्मेवारी १५ दिन भित्र हस्तान्तरण गर्नु पर्ने छ र सो को जानकारी वजार विकास महाशाखा, हरिहर भवन, ललितपुरलाई दिनु पर्नेछ ।

५. सम्झौता भंग गरी उपयोग गर्ने कृषि मन्त्रालयको विशेष अधिकार : यो सम्झौतामा अन्यत्र जे सुकै लेखिएको भएता पनि समितिले सम्झौतामा उल्लेखित शर्तहरुको विपरीत कुनै कार्य गरेमा वा प्रयोग गरिएका सम्पत्तिको हानी नोक्सानी हुने गरी कुनै कार्य गरेमा वा वजारको संचालन उपयुक्त किसिमले भएको छैन भन्ने लागेमा वा कृषि वजारको व्यवस्था र संचालनको छुट्टै व्यवस्था गर्ने निर्णय गरेमा श्री ५ को सरकार कृषि मन्त्रालयले सम्झौता भङ्ग गर्न सक्ने र समितिलाई उपलब्ध गराएको सम्पत्ति आफ्नो कब्जामा लिइ छुट्टै तरिकाको प्रयोगको व्यवस्था मिलाउन सक्ने छ ।

६ समितिले प्रयोग गर्ने लोगो तथा छापको नमूना अनुसुची २ मा, समितिले प्रयोग गर्ने प्याड्को नमूना अनुसूची ३ मा, समितिले प्रयोग गर्ने साइनवोर्डको नमूना अनुसूची ४ मा र समितिलाई हस्तान्तरण गरिएको भौतिक संपति/सामाग्रीहरुको विवरण अनुसूची ५ वमोजिम हुनेछ ।

७

हस्ताक्षर कर्ता :

हस्ताक्षर :- ......................
नाम :- ...........................
कृषि उपज वजार संचालक समिति
(................)को तर्फवाट
(समितिको अध्यक्ष)

हस्ताक्षर :- ............................
नाम :- ................................
कृषि विभाग को तर्फवाट
(वजार विकास महाशाखा)

साछीः
समितिको तर्फवाट वजार व्यवस्थापक/सदस्य सचिव
हस्ताक्षर :- ......................
नाम :- ...........................

साछीः
जिल्ला कृषि विकास कार्यालय,
......................का प्रतिनिधि
हस्ताक्षर :- ............................
नाम :- ................................

सम्झौता सम्पन्न मिति २०५५। । । रोज का दिन

अनुसूची - २

समितिले प्रयोग गर्ने लोगो तथा छापको नमूना

अनुसूची - ३

समितिले प्रयोग गर्ने प्याडको नमूना

# कृषि उपज वजार संचालक समिति

.........................

........ अंचल

नेपाल

# Agricultural Produce Market Committee (APMC)

..............................

.................... Zone,

Nepal

फोन नं.

फ्याक्स नं.

मिति : -

प.सं. : -

Phone No.

Fax No.

Date :

Ref :

---

विषय (Ref) : -

अनुसूची - ४
समितिले प्रयोग गर्ने साईन वोर्डको नमूना

# कृषि उपज वजार स्थल

................................
**(Agricultural Produce Market Center,.........................)**




कृषि उपज वजार संचालक समिति, .................... द्वारा संचालित
(श्री ५ को सरकार, कृषि मन्त्रालयवाट स्वीकृत)

अनुसूची - ५

# भौतिक सम्पती/सामग्री

कृषि उपज वजार संचालक समिति, ..................... ले प्रयोग गर्ने भौतिक सम्पती/सामाग्रीहरुको विवरण

| क.सं. | विवरण | परिमाण | कैफियत |
|---|---|---|---|
| | | | |